नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सुशासन प्रवर्द्धन शाखा
सिंहदरबार, काठमाडौं

फोन { ४२००४१४ ४२००५२८

पत्र संख्या: 062/063
चलानी नं: ४02

मितिः- २०७३/०१/०८

**बिषयः निर्णय कार्यान्वयन गर्ने/गराउने सम्वन्धमा ।**

**श्री जिल्ला विकास समितिको कार्यालय (सवै)**
**श्री महा/उपमहा/नगरपालिकाको कार्यालय (सवै)**

प्रस्तुत विषयमा पर्वत, कास्की र स्याङ्गजा जिल्ला अन्तंगत बयरघारी -ठुलीभञ्ज्याङ्ग -पर्वत-भोर्ले-लुंखुदेउराली सडक, बयरघारी-वगरवजार-मोहनडाडा ग्रमिण सडक, आङगवाङग-नाच्नेडाँडा हुवास सडक, जौविरे-काँहु-हिले-जिमिरे सडक र मेदीखोला-पोखरेफाँट-काँहु-बयरघारी सडक निर्माण योजनाहरुमा उपभोक्ता समिति तथा ठेकेदारहरुले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ र १५६ विपरित सडक निर्माणको लागि मेशिनरी औजार जस्तै ब्रेकर तथा डोजर जस्ता Heavy Equipment प्रयोग गरिएको देखिएकोले जिल्ला विकास समितिहरुको कार्यालय, नगरपालिका र गाँउ विकास समितिको कार्यालयहरुवाट उपभोक्ता समितिहरुवाट संचालित हुने निर्माण कार्यहरुमा अव आईन्दा ऐन/नियम विपरित हुने गरि कुनै निर्माण कार्य नगर्न/नगराउनुहुन निर्देशन दिनुहुन भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोग, अनुसन्धान महाशाखा नं ७ को मिति २०७३/०१/०३ पत्रसंख्या ०७/स्था/अनु/भुषण/२०७२/७३ च.नं २१३४ को पत्रवाट लेखी आएकोले सोही वमोजिम गर्नु/गराउनुहुन निर्देशानुसार अनुरोध छ ।

............
दिपेन्द्र रेग्मी
शाखा अधिकृत

**वोधार्थ**
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग
अनुसन्धान महाशाखा नं ७
टंगाल, काठमाण्डौ ।
श्री सुचना तथा विद्युतिय शासन शाखा
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय - Website मा Upload गरिदिनुहुन ।